सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४५
फ्याक्स : ९७७-१-४२११८७
E-mail :info@mole.gov.np
Website :moless.gov.np

# नेपाल सरकार
# श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

**PMEP/9/ ३६**

मितिः २०७५।१२।०५

विषयः सहभागिताका लागि ।

श्री सबै स्थानीय तहहरु, (मार्फत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

यस मन्त्रालयबाट चालू आ.व. २०७५/७६ देखि प्रारम्भ गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नेपालको संविधानको धारा ३३ मा उल्लिखित रोजगारीको हकलाई कार्यान्वयन गर्ने क्रममा रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ र रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ तर्जुमा र स्वीकृत भई कार्यान्वयनमा आईसकेका छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनका लागि यी ऐन, नियमावली, निर्देशिका र मापदण्डमा भएको व्यवस्था अनुसार प्रत्येक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र स्थापना गर्ने र त्यस केन्द्रमा रही तोकिए बमोजिमको रोजगार सेवा प्रवाहसम्बन्धी कार्यहरु सम्पादन गर्नको लागि रोजगार संयोजकको सेवा एक वर्षका लागि करारमा लिने गरी नेपाल सरकारको निर्णय भए अनुसार विभिन्न स्थानीय तहहरुका लागि करार सम्झौता गरी रोजगार संयोजकहरुलाई सम्बन्धित गाउँपालिका/नगरपालिकामा खटाई सकिएको छ ।

यसै सन्दर्भमा यस मन्त्रालयले ७ वटै प्रदेशका सबै स्थानीय तह तथा अन्य सरोकारवालाहरुसँग प्रधानमन्त्री रोजगार कार्यक्रमका सम्बन्धमा प्रदेशगत रुपमा एक अभिमुखीकरण गोष्ठी संचालन गर्न लागेको छ ।

अतः देहायको मिति र स्थानमा संचालन हुने उक्त अभिमुखीकरण गोष्ठीमा त्यस गाउँपालिका/नगरपालिकाबाट प्रमुख प्रशासकीय अधिकृतज्यू र रोजगार संयोजक गरी २ (दुई) जना सहभागी भईदिनु हुन मिति २०७५।१२।१ को माननीय मन्त्रिस्तरीय निर्णयानुसार अनुरोध छ ।

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४५
फ्याक्स : ९७७-१-४२११८७
E-mail :info@mole.gov.np
Website :moless.gov.np

नेपाल सरकार
# श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## (प्रधानमन्त्री रोजगार कार्यक्रम)

तपसिल

| स्थानीय तहहरु | मिति | स्थान |
|---|---|---|
| प्रदेश नं १ भित्र पर्ने स्थानीय तहहरुका लागि | चैत्र १५-१६ | विराटनगर |
| प्रदेश नं २ भित्र पर्ने स्थानीय तहहरुका लागि | चैत्र १८-१९ | जनकपुर |
| प्रदेश नं ३ भित्र पर्ने स्थानीय तहहरुका लागि | चैत्र १५-१६ | हेटौडा |
| गण्डकी प्रदेश भित्र पर्ने स्थानीय तहहरुका लागि | चैत्र १५-१६ | पोखरा |
| प्रदेश नं ५ भित्र पर्ने स्थानीय तहहरुका लागि | चैत्र १८-१९ | वुटवल |
| कर्णाली प्रदेश भित्र पर्ने स्थानीय तहहरुका लागि | चैत्र १५-१६ | सुर्खेत |
| सुदूरपश्चिम प्रदेश भित्र पर्ने स्थानीय तहहरुका लागि | चैत्र १८-१९ | धनगढी |

पुनश्च

- सहभागी हुने प्रमुख प्रशासकीय अधिकृतज्यू र रोजगार संयोजकले आवासको व्यवस्था आफै गर्नु पर्नेछ । सोका लागि दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ ।
- तालीम संचालन हुने स्थानको सम्बन्धमा विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाईटमा यथाशिघ्र राखिनेछ ।

(मोहन निरौला)
उपसचिव